स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गुरुङ भाषाका फिल्ममा अभिनय गर्दै आएकी अभिनेत्री कृष्टिन गुरुङ मूलधारको फिल्ममा पनि अगाडि बढिरहेकी छन् । अघिल्लो वर्ष आएको 'दयारानी'मा छोटो भूमिकामा देखिएकी उनले अब यही साउन ११ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'ईश्वर'मा मुख्य भूमिकामा अभिनय गरेकी छन् । उनी यो फिल्ममा निर्माता ध्रुव थापा र अभिनेता माओत्से गुरुङका कारण जोडिन पुगेकी थिइन् ।

**आजको विचार...**



स्वास्थ्य...
(दुई पेजमा)

डा. राजु लौडारी

लामो अन्योलतापछि फिल्म 'खजुरे ब्रो'बाट नीति शाहको डेब्यु भयो । तर, यो उनको पहिलो रोजाई थिएन । त्यसअघि उनले 'स्टार' नायकसँगका चारवटा फिल्म सम्झौता गरेकी थिइन् । ती कुनै पनि निर्माण हुन नसकेपछि उनले ठूलो चुनौती मोलेर 'खजुरे ब्रो' रोज्नु परेको थियो । किनकि, यसमा उनीबाहेक चिनिएका अरु कलाकार नै थिएनन् । त्यसले गर्दा सबैभन्दा ठूलो भार नीतिमाथि थियो । तर, प्रचारमै चुकेको फिल्म कथावाचनमा पनि चुक्दा बक्स अफिसमा डुब्न पुग्यो ।



❐ वर्ष ३० ❐ अंक १० ❐ २०८१ साउन १० गते बिहिबार 25 July 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### झडपमा २६ जनाको मृत्यु

(रासस/सिन्ह्वा)

**सिड्नी,** साउन ९/पपुवा न्यू गिनीको पूर्वी सेपिक प्रान्तमा भएको झडपमा महिला र बालबालिकासहित कम्तीमा २६ जनाको सामूहिक हत्या भएको स्थानीय सञ्चारमाध्यमले बुधबार जनाएका छन् । समाचार संस्था, नेशनलका अनुसार प्रान्तको अङ्गोरम क्षेत्रको सेपिक नदी किनारमा रहेका तामारा, ताम्बरी र अग्रुमारा गाउँहरूमा भएको झडपले हत्या, बलात्कार र सम्पत्तिको विनाशको अवस्था निम्त्याएको हो ।

तीस जनाभन्दा बढी स्थानीय युवाहरूलाई उक्त घटनाको दोषी ठहराइएको नेशनलले जनाएको छ । सामूहिक हत्या र सम्पत्ति विनाश हुने गरी भएको झडप भूमि विवादसँग सम्बन्धित रहेको अङ्गोरमका सांसद सालियो वाइपोले जानकारी दिए । वाइपोले ३३ जना संदिग्ध आक्रमणकरीहरूको पहिचान गरिएको र अनुसन्धानका लागि प्रहरी टोली तैनाथ गरिएको खुलासा गरे । उनले पीडितका परिवारलाई शान्त रहन आह्वान गर्दै आवश्यक सहयोगका लागि तोकिएको प्रहरी अधिकारीसँग सम्पर्क गर्न आग्रह गरे । पपुवा न्युगिनीको उत्तरपूर्वी तटमा अवस्थित ४३ हजार वर्ग किलोमिटरमा फैलिएको पूर्वी सेपिक प्रान्तको अनुमानित जनसंख्या चार लाख ३३ हजार ४८१ रहेको छ ।


# असुरक्षित बन्दै हवाई यात्रा

- काठमाडौं जहाज दुर्घटना : १८ को मृत्यु
- उड्ने बितिकै दाहिनेतिर मोडिएर दुर्घटना
- एक दशकमा भएका ६ ठूला विमान दुर्घटना

रामचन्द्र रायमाझी

**पाल्पा,** साउन ९/चालक दलका सदस्यसहित १९ जना सवार सौर्य एयरलाइन्सको जहाज बुधबार बिहान काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गमा चिप्लिएर दुर्घटना भयो । दुर्घटनामा १८ जनाको ज्यान गएको नेपाल नागरिक उड्डयन प्राधिकरणको खोज तथा उद्धार समन्वय केन्द्रले पुष्टि गरेको छ । बिहान ११:११ बजे पोखराका लागि उडेको जहाज बुधबार रनवेबाट दुर्घटनामा परेको थियो । उड्ने बितिकै दाहिनेतिर मोडिन गई रनवेको पूर्वतिर रहेको स्थानमा दुर्घटनाग्रस्त हुन पुगेको केन्द्रले विज्ञप्तिमार्फत जानकारी गराएको छ ।






जहाजमा पाइलट मनिषरत्न शाक्य, को-पाइलट एस कटवाल, अमितमान महर्जन, सागर आचार्य, दिलिप बर्मा, मनुराज शर्मा, अस्बिन निरौला, सुदिपलाल जोशी, सर्वेश मरासैनी, श्याम बिन्दुकार, नवराज आले, राजाराम आचार्य, प्रिजा खतिवडा, अधिराज शर्मा, उद्धव पुरी, यज्ञप्रसाद पौडेल, सन्तोष महतो, पून्यरत्न शाही र अरेफ रेडा सवार रहेका थिए । पाइलट मनिषरत्न शाक्यको भने गम्भीर घाईते रहेका छन् । उनको काठमाडौंको केएमसी अस्पतालमा उपचार भइरहेको बताइएको छ । मृतक १६ जना सौर्य एयरलाइन्सका कर्मचारी रहेको बुझिएको छ । जहाज दुर्घटनामा मृतक मध्ये एकै परिवारका तीन जना रहेका छन् ।

सौर्य एयरलाइन्समा प्राविधिक रहेका मनुराज शर्मा उनकी श्रीमती प्रिजा खतिवडा र छोरा अधिराज शर्मा गरी एकै परिवारका तीनको ज्यान गएको हो । प्रिजा ऊर्जा मन्त्रालयमा कम्प्युटर अपरेटरका रूपमा कार्यरत थिइन् । उनी श्रीमानसँगै पोखरा घुम्न हिडेकी थिइन् । यातायातका दृष्टिले हवाई उडानलाई सुरक्षित मानिन्छ । तर, बर्सेनि विमान दुर्घटनाको क्रम नरोकिनुले नेपाली आकाश असुरक्षित हुँदै गएको देखाउँछ । नेपालका आन्तरिक विमानको दुर्घटनामध्ये पछिल्लो दुर्घटना मानवीय क्षतिका हिसाबले ठूलो दुर्घटना मध्यको यो एक ठूलो हो । डेढ वर्ष अघि **१ माघ २०७९** मा पोखराका लागि उडेको यती एअरलाइन्सको विमान पोखराको सेती खोचमा दुर्घटना हुँदा ७२ जनाको ज्यान गएको थियो । **१५ जेठ २०७९** मा पनि जोमसोम, मुस्ताङमा तारा एअरको विमान दुर्घटनामा परेर २२ जनाको ज्यान गएको थियो ।

पोखराबाट जोमसोमका लागि उडेको विमान खराब मौसमका कारण बीचमै दुर्घटना भएको थियो । त्यसअघि **१ वैशाख २०७६** मा समिट एअरको विमान लुक्ला विमानस्थलमा दुर्घटना हुँदा तीन जनाको ज्यान गएको थियो । त्यस्तै, **२८ फागुन २०७४** मा बाङ्लादेशको ढाकाबाट काठमाडौं आएको यूएस बाङ्ला विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटना हुँदा ४९ जनाको ज्यान गएको थियो । त्यसै गरी **१२ फागुन २०७२** मा पनि पोखराबाट जोमसोमका लागि उडेको तारा एअरको विमान म्याग्दीमा दुर्घटना हुँदा चालक दलका सदस्य सहित २३ जनाको ज्यान गएको थियो । **२४ फागुन २०७०** मा पोखराबाट जोमसोमका लागि उडेको नेपाल एअरलाइन्सको विमान दुर्घटनामा १८ जनाको ज्यान गएको थियो । यो विमान खराब मौसमका कारण दुर्घटनामा परेको थियो । यी एक दशकमा भएका केही ठूला विमान दुर्घटना हुन् । नेपालमा त्यस अघि पनि थुप्रै विमान दुर्घटनामा ठूलो मानवियसँगै भौतिक क्षति हुन पुगेको थियो ।

# लुम्बिनीमा एमाले संसदीय दलका नेता गिरीले दिए राजीनामा



**बुटवल,** साउन ९/नेकपा एमाले लुम्बिनी संसदीय दलका नेता लीला गिरीले पदबाट राजीनामा दिएका छन् । पार्टीले विधि र प्रक्रिया मिचेको भन्दै दलको नेताबाट राजीनामा दिएका हुन् । गिरीले मंगलबार नै पार्टी अध्यक्ष केपी ओलीलाई राजीनामा पठाएका थिए । तर, मुख्यमन्त्रीले सपथलिएपछि बुधबार मात्र राजीनामा दिएको सार्वजनिक गरेका हुन् । गिरीले पार्टी अध्यक्ष केपी शर्मा ओली सचिवालयमा राजीनामा पठाएको बताए । उनले विधि र प्रक्रिया मिचिएपछि जिम्मेवारी अनुसारको पदमा बस्न उचित नलागेर राजीनामाको निर्णय गरेको बताएका छन् । काँग्रेस एमालेको गठबन्धनमा गिरी मुख्यमन्त्री बन्ने सहमति भए पनि केपी शर्मा ओलीको निर्देशनमा अन्तिम समयमा आएर रोक्न निर्देशन आएपछि उनी पछि हटेका थिए । सोमबार विहानसम्म गिरीलाई मुख्यमन्त्री बनाउने तयारी भए पनि अन्तिममा आएर उनलाई ब्याक गराएर एमालेले उपनेता चेतनारायण आचार्यलाई अघि सारेको थियो । यसअघि दलका नेता गिरीलाई मुख्यमन्त्री बनाउने काँग्रेस-एमालेबीच समेत सहमति भएको हो । तर सोमबार बिहान एमाले केन्द्रको निर्देशन अनुसार आचार्यलाई मुख्यमन्त्रीमा अघि सारिएको थियो ।

# लुम्बिनी सरकार : पाल्पाका खेम सारु बने मन्त्री

**पाल्पा,** साउन ९/पाल्पा प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ प्रदेशसभा (२) बाट निर्वाचित सांसद खेम सारु लुम्बिनी प्रदेशमा मन्त्री बनेका छन् । काँग्रेस-एमाले मिलेर बनेको नयाँ गठबन्धनको सरकारमा सारु मन्त्री बनेका हुन् ।

नवनियुक्त मुख्यमन्त्री चेतनारायण आचार्यको नेतृत्वमा बनेको सरकारमा उनी एमालेबाट मन्त्री बनेका छन् । बुधबार सारुले पद तथा गोपनीयताको शपथ समेत लिएका छन् । शिक्षा क्षेत्रबाट राजनीतिमा प्रवेश गरेका सारु छोटो समयमै सांसद हुँदै मन्त्री बन्न सफल भएका हुन् । पहिलेदेखि नै उनी विभिन्न सामाजिक क्षेत्रमा क्रियाशिल रहेका थिए । शिक्षा र सामाजिक क्षेत्रमा सक्रिय रहेकै कारण सारुले राजनीतिमा समेत छोटो अविधिमै फड्को मार्न सफल भएका हुन् । बौद्धिक र क्रियाटिप क्षमता भएका उनमा सबै क्षेत्रका व्यक्तिहरुसँग मिल्न सक्ने खुबी समेत छ । सारुलाई



अहिले विनाविभागीय मन्त्रीको जिम्मेवारी दिइएको छ ।

सारुले नवनियुक्त मुख्यमन्त्री आचार्यसहित आठ मन्त्रीसँग पद तथा गोपनीयताको शपथ लिएका छन् । मुख्यमन्त्रीलाई प्रदेश प्रमुख अमिक शेरचनले सोमबार नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्रीमा नियुक्त गरेका थिए । नवनियुक्त मुख्यमन्त्री आचार्यलाई प्रदेश प्रमुख शेरचनले संविधानको धारा १७२ बमोजिम पद तथा गोपनीयताको शपथ गराएका हुन् । लुम्बिनी प्रदेशको छैटौं मुख्यमन्त्री बनेका आचार्यलाई नेपाल कम्युनिष्ट पार्टी (एमाले)का २९ र नेपाली काँग्रेसका २७ सहित ५६ प्रदेशसभा सदस्यको समर्थन छ । संविधान धारा १६८ को उपधारा ९ बमोजिम बुधबार मुख्यमन्त्री आचार्यको सिफारिसमा नियुक्त आठ जना बिनाविभागीय मन्त्रीहरूलाई प्रदेश प्रमुख शेरचनले पद तथा गोपनीयताको शपथ गराएका थिए । एमालेबाट चारजना र काँग्रेसबाट चारजना बिनाविभागीयमन्त्रीले सपथ लिएका हुन् ।

एमालेबाट सारुसहित भुमिश्वर ढकाल, दिनेश पन्थी, सीता शर्मा र काँग्रेसबाट सरोज थापा, धनेन्द्र कार्की, बादशाह कुर्मी र प्रचण्डविक्रम न्यौपानेले बिनाविभागीय मन्त्रीको शपथ लिएका हुन् । नवनियुक्त मन्त्रीहरूको दुवै दलबीच सहमतिपछि मात्र विभागीय जिम्मेवारी तोकिने छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## त्रिशुली दुर्घटना र उद्धार संयन्त्रको स्थिति

पहिरोले बगाउँदा त्रिशूली नदीमा बेपत्ता भएका दुईवटा बस अझैसम्म फेला पर्न सकेका छैनन् । नारायणगढ–मुग्लिन सडकको भरतपुर महानगरपालिका–२९ स्थित सिमलतालमा लेदोसहितको पहिरो खस्दा त्रिशूली नदीमा बेपत्ता भएका बस र यात्रुको १३ औँ दिन पनि खोजी कार्य जारी छ ।

गाडीसँगै बेपत्ता भएका आफन्तजन जीवितै भेटिएलान् भन्ने आशा धेरैलाई छैन तर शव नै भए पनि छिटो भेटियोस् भन्ने अपेक्षा छ । असार २८ गते वीरगञ्जबाट काठमाडौं जाँदै गरेको बाप्र ०३००६ ख नम्बरको एञ्जल डिलक्स र काठमाडौंबाट गौर आउँदै गरेको प्र ३००१ ख २४९५ नम्बरको गणपति डिलक्स सिमलतालमा पहिरोमा परी त्रिशूलीमा खसेका थिए । एञ्जल डिलक्समा २७ जना र गणपतिमा ४१ यात्रु रहेकोमा गणपति बसका तीनजना यात्रु त्रिशूलीमा पौडिएर बाँच्न सफल भएका थिए । बेपत्ता मध्ये २४ जनाको शव १२ औं दिनमा फेला परेको छ भने अन्यको अझै पनि अज्ञात नै छ । सरकारका तर्फबाट खोजी कार्य जारी छ । घटनालगत्तै उद्धारमा सुरक्षाकर्मी परिचालन भएका थिए । सशस्त्र प्रहरीको गोताखोर टोली, नेपाल प्रहरी र सेनाको टोली पनि खटिएका छन् । खोजीका लागि गोताखोरका अतिरिक्त मोटरबोट, र्‍याफ्टिङ बोट, चुम्बक, वाटर ड्रोन, सोनारा क्यामरा र 'पाइपलाइन इन्सपेक्सन सिस्टम' को प्रयोग भइरहेको छ । अहिले त छिमेकी राष्ट्र भारतको 'राष्ट्रिय आपदा मोचन बल–नेशनल डिजास्टर रेष्पोन्स फोर्स' बाट १२ जनाको प्राविधिक टोली नेपाल आई संयुक्त रूपमा उद्धार कार्य समेत गरिरहेका छन् । उद्दारमा खटिने सुरक्षाकर्मीहरु सुरुका दिनदेखि नै दिनरात लागेका छन् । उनीहरुको सक्रियतालाई मुक्तकण्ठले प्रशंसा गर्नुपर्छ । सिमित स्रोत र साधनका बावजुद पनि उनीहरु निरन्तर उद्दारमै लागेका छन् । तर पनि गाडी र धेरै यात्रु अहिलेसम्म पनि फेला पर्न सकेका छैनन् । यो अत्यन्त दुखको कुरा हो । अहिलेसम्म प्रयोग गरिएका प्रविधि विदेशतिर निकै प्रभावकारी मानिने भए पनि त्रिशूलीको उर्लिंदो भेल र धमिलो पानीका कारण सहज हुन सकिरहेको छैन । यसले उपलब्ध प्रविधि र मानवीय प्रयत्नले मात्रै नतिजा दिन नसक्ने पुष्टि भइसकेको छ । त्यसैले थप मिहिनेत र पूरक विधिको खोजी अनिवार्य बनेको छ । त्रिशूलीमा खसेर सर्वसाधारणदेखि मुलुकका ठूला नेतासम्मले ज्यान गुमाउँदा पनि राज्य संवेदनशील नहुनु विडम्बना हो । यसबारे संवेदनशीलतापूर्वक दुर्घटना न्यूनीकरणको उपाय खोजी गर्न जरुरी छ ।

### Opinion @ Social Network

यात्रामा नैइ रमाउने गर के थाहा गन्तव्य सम्म पुग्दा
त्यो खुसी न मिल्न नि सक्छ ।
*(दिलिप चौलागाईंको फेसबुक स्टाटसबाट www.facebook.com//chaulagai.dilip)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# स्वास्थ्य सेवामा गरिबको पहुँच कसरी बढाउने?



डा. राजु लौडारी

नेपालजस्ता न्यून विकसित देशहरूमा छिटो तथा गुणस्तरीय स्वास्थ्य सेवा सहरमा बस्ने, सम्पन्न र पहुँच भएका मानिसमा सीमित देखिन्छ ।

नेपालको संविधानले स्वास्थ्य सेवालाई मौलिक हक मानेको छ । संविधानले 'आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुनेछ' र 'कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन' भनेको छ । यसैगरी 'प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ' पनि भनिएको छ । यस्तो मौलिक हक भनेको कुनै पनि विभेदबिना स्वास्थ्य सेवा पाउने अधिकार हो । संविधानमै यस्तो व्यवस्था भए पनि किन धेरै नेपालीले समयमै राम्रो उपचार नपाएर ज्यान गुमाउनु परेको छ ? किन समयमै प्रसूति सेवा नपाएर आमा र शिशुको ज्यान जोखिममा परेको छ ? हालै कार्यान्वयनमा आएको सोह्रौं आवधिक योजनामा उल्लेख भएअनुसार नेपालमा जन्मेका प्रतिहजार बालबालिकामध्ये पाँच वर्षभित्र ३३ जनाको मृत्यु हुन्छ । प्रोटोकल अनुसार गर्भको अवधिभर चारपटक जाँच गराउन नपाउने महिलाको संख्या २० प्रतिशत छ । सुत्केरी हुँदा एक लाख आमामध्ये १५१ जनाको मृत्यु हुने गरेको छ । यस्तै, एक हजार जनसंख्याका लागि दुई जनाका दरले स्वास्थ्यकर्मी छन् । स्वास्थ्य क्षेत्रको कुल खर्चमा व्यक्तिगत तहमा ५४.२ प्रतिशत खर्च छ । यो निकै ठूलो परिमाण हो । श्रम र उत्पादकत्वमा स्वस्थ मानिसको योगदान अधिक हुन्छ । स्वस्थ आमाबाबुबाट जन्मिने बच्चा पनि सामान्यता स्वस्थ नै हुन्छ । स्वस्थ जनसंख्याले देशको आर्थिक विकासमा बल पुर्‍याउँछ । स्वास्थ्य सेवा सबै व्यक्तिले समान रूपमा पाउन सकेका छैनन् । आर्थिक रूपमा गरिब व्यक्ति र विकट भौगोलिक क्षेत्रका बासिन्दा राम्रो स्वास्थ्य सेवा पाउनमा निकै पछाडि छन् । यसो हुनुमा केही खास कारण छन् । पहिलो कारण हो महँगो उपचार खर्च । स्वास्थ्य सेवामा पहुँच र उपचार खर्च बेहोर्न सक्ने सामर्थ्य फरक विषय हुन् । कुनै व्यक्ति राम्रो अस्पतालको नजिकमा छ तर त्यहाँ उपचार गराउन सक्ने आर्थिक सामर्थ्य छैन भने उसका लागि त्यो अस्पताल हुनु र नहुनले केही पनि फरक पर्दैन । गुणस्तरीय उपचारका लागि निजी अस्पताल नै जानुपर्ने वर्तमान अवस्थाले स्वास्थ्य सेवा गरिबले धान्नै नसक्ने गरी खर्चिलो भएको छ । स्वास्थ्य बीमा गरेको छ भने पनि धेरै महँगो सेवाले गर्दा ठूलो जनसंख्या गुणस्तरीय स्वास्थ्य सेवाबाट बञ्चित हुनुपरेको छ । करिब मासिक १५ हजार रूपैयाँ प्रतिव्यक्ति आय भएको हाम्रो देशमा स्वास्थ्य सेवामा मासिक पाँच सय रूपैयाँ खर्च गर्दा पनि कुल आम्दानीको तीन प्रतिशत हुन आउँछ । दोस्रो कारण हो यातायात सेवा सहज नहुनु । राम्रो सडक सञ्जाल वा नियमित हवाई सेवा नभएका दुर्गम तथा ग्रामीण क्षेत्रहरूमा उपचार सेवा र प्रसूति सेवा समयमा पाउन नसक्दा ज्यानै जाने घटना हुने गरेका छन्। जब कि उपचार पाएको भए ज्यान जाने थिएन । हेलिकप्टर चार्टर गरेर उपचारमा जान सक्ने परिवार नगन्य मात्र छन् । दुर्गम क्षेत्रमा हेलिप्याड पनि नजिकमा नहुन सक्छ । 'नेपालको जनसंख्या तथा घरधुरी गणना, २०२१' अनुसार १५ देखि ४९ वर्ष उमेर समूहका महिलामा औसतमा ५ प्रतिशत मृत्यु गर्भसम्बन्धी कारणले मृत्यु हुने गरेको छ । यही मृत्यु बाग्मती प्रदेशमा ३ प्रतिशत र कर्णाली प्रदेशमा ९ प्रतिशत छ । यसबाट यातायात सेवा नहुँदा स्वास्थ्य उपचारमा नकारात्मक प्रभाव परेको स्थिति प्रस्ट हुन्छ । सरकारी अस्पतालको सेवा सन्तोषजनक नहुनु तेस्रो समस्या हो । थोरै सरकारी अस्पतालको सेवाप्रति विश्वास देखिए पनि समग्रमा सरकारी अस्पतालप्रति धेरगुनासो छ । समयमै उपचार पाइँदैन, चिकित्सकहरू न्यूनतम आवश्यक समय पनि दिँदैनन्, सरसफाइ राम्रो छैन भन्ने गुनासो र बुझाइ पाइन्छ । सरकारी अस्पतालको सेवा सन्तोषजनक नहुनुका तीन मुख्य कारण छन् - अस्पतालको व्यवस्थापन परम्परागत हुनु, अस्पताल व्यवस्थापन र नियमित काममा राजनीतिक हस्तक्षेप हुनु, चिकित्सकहरू निजी क्लिनिक र निजी अस्पतालमा तल्लीन हुनु । चौथो कारण हो सरकारी स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी अभाव । नेपालको 'दस वर्षीय स्वास्थ्य मानवस्रोत राष्ट्रिय रणनीति' अनुसार स्वास्थ्य संस्थामा स्वीकृत दरबन्दीको ७१ प्रतिशत जनशक्ति मात्र पदपूर्ति हुन सकेको छ । सरकारी स्वास्थ्य संस्थामा करिब नौ हजार दरबन्दी पूर्ति नहुँदा उनीहरूले दिने सेवा पाउनबाट नागरिकहरू बञ्चित भएका छन् । यसको प्रत्यक्ष असर दुर्गम क्षेत्रका बासिन्दा र गरिब जनतामा बढी परेको छ । आर्थिक रूपमा गरिब मानिसको पहिलो रोजाइमा सरकारी अस्पताल र स्वास्थ्य केन्द्र हुन्छन् । त्यहाँ आवश्यकता अनुसार स्वास्थ्यकर्मी नहुँदा सेवामा असर परेको छ । समयमा उपचार नपाएपछि निजी स्वास्थ्य संस्थाबाट महँगो सेवा लिन बाध्य हुनु परेको छ । दुर्गम क्षेत्र स्वास्थ्यकर्मीको रोजाइमा पर्दैन । दुर्गमका स्वास्थ्य संस्थाहरूमा धेरै पद रिक्त रहन्छन् । नभई नहुने चिकित्सक हुँदैनन् । यस्तो अवस्थामा दुर्गम क्षेत्रकै बासिन्दा मारमा पर्छन् । नेपाल जस्ता न्यून आय भएका देशहरूले वार्षिक रूपमा कुल गार्हस्थ उत्पादनको करिब ५ प्रतिशत स्वास्थ्य क्षेत्रमा खर्च गर्ने गरेका छन् । उच्च आय भएका देशहरूले कुल गार्हस्थ उत्पादनका करिब १३ प्रतिशत स्वास्थ्य क्षेत्रमा खर्च गर्छन् । उच्च आय भएका देशहरूमा गरिब र धनी सबै नागरिक स्वास्थ्य बीमामा आबद्ध हुन्छन् । बीमा भएपछि उपचारबाट बञ्चित हुनुपर्दैन । विकसित देशहरूको अनुभव हेर्दा सबै नेपालीमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच पुर्‍याउन केही सुधार गर्न अत्यावश्यक छ ।

**स्वास्थ्य बीमाको दायरा बढाउने**

नेपालमा हालसम्म २१ प्रतिशत जनसंख्या मात्र स्वास्थ्य बीमामा आबद्ध छ । यसमध्ये पनि ६९ प्रतिशतले मात्र अर्को वर्ष नवीकरण गरेका छन् । यसको अर्थ एकपटक स्वास्थ्य बीमा गरेकामध्ये ३१ प्रतिशत मानिसले अर्को वर्ष निरन्तरता दिन चाहेनन् । यसो हुनुको पनि केही कारण छ । विशेषज्ञ र विशिष्टीकृत सेवा स्वास्थ्य बीमामा जोडिएको छैन । स्वास्थ्य बीमा र स्वास्थ्य सेवाको गुणस्तर अन्तरसम्बन्धित छन् । सरकारी अस्पताल र स्वास्थ्य केन्द्रले दिने सेवा छिटोछरितो, गुणस्तरीय र विश्वसनीय बनाउन नसक्दा बिरामीहरू निजी अस्पतालमा जान बाध्य हुन्छन् । यही कारणले स्वास्थ्य बीमाको दायरा र प्रभावकारिता पनि बढ्न सकेको छैन । निजी अस्पतालमा उपचार गराउँदा विशेष प्रकृतिका रोगबाहेक स्वास्थ्य बीमाबापत एक परिवारले ८० हजार रुपैयाँ बराबरको मात्र सेवा पाउँछ । निजी अस्पतालमा उक्त रकम एउटा सानो शल्यक्रियाका लागि पनि पुग्दैन । यसो भएपछि कम आयको परिवारका व्यक्तिका लागि स्वास्थ्य बीमाको सुविधामा उपचार गराउन सरकारी अस्पतालमै जानुपर्ने हुन्छ । यसो भनेर ६० प्रतिशतभन्दा बढी बिरामीलाई सेवा दिइरहेका निजी अस्पतालहरूको महत्त्व र आवश्यकता कम आकलन गर्न खोजिएको होइन ।

**दुरचिकित्सा र अनलाइन सेवा प्रभावकारी बनाउने**

दुरचिकित्सा विधिबाट बिरामी जाँच गर्न 'भिडिउ कन्फरेन्सिङ' वा 'क्लाउड बेस्ड डाटा' प्रयोग गरिन्छ । यसमा बिरामी अस्पताल जानु नपर्ने वा चिकित्सक बिरामीकोमा पुग्नु नपर्ने भएकाले कम खर्चमा सेवा प्राप्त हुन्छ । सामान्य बिरामीको जाँच र काउन्सिलिङमा यो विधि बढी उपयोगी हुन्छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०७७ सालमा दुरचिकित्सा सेवा र अनलाइन स्वास्थ्य सेवासम्बन्धी कार्यविधि ल्याए पनि कार्यान्वयन निकै फितलो छ । आमनागरिकलाई अनलाइन स्वास्थ्य सेवाबारे जानकारी नै छैन, उनीहरूले लाभ पनि लिन पनि सकेका छैनन् । स्वास्थ्य जाँच र अन्य सेवाबापतको भुक्तानी गर्ने धेरै अनलाइन माध्यमहरू छन् । यस अवस्थामा दुरचिकित्सा बढाउन सक्दा गरिब तथा दुर्गम क्षेत्रका बासिन्दाले पनि सहजै गुणस्तरीय स्वास्थ्य सेवा पाउन सक्छन् ।

**घुम्ती क्लिनिक चलाउने**

दुर्गमता र यातायातको समस्याका कारण स्वास्थ्य सेवाबाट बञ्चित मानिसहरूका लागि पायक पर्ने ठाउँमा विशिष्टीकृत सेवासहित घुम्ती स्वास्थ्य क्लिनिक चलाउनुपर्छ । यसो गर्दा न्यून लागतका राम्रो सेवा पाउन सक्छन् । टाढा लैजान कठिन हुने वृद्धका लागि पनि सजिलो हुन्छ । स्वयंसेवी संघसंस्था तथा केही अस्पतालहरूले घुम्ती स्वास्थ्य क्लिनिक गरेका छन् । यसबाट ठूलो संख्यामा बिरामीले निदान तथा उपचारको सेवा पाएका राम्रा उदाहरणहरू पनि छन् । यतिले मात्र पुग्दैन, सरकारी नीति र योजनामा नै सुधार गरी घुम्ती क्लिनिक व्यापक बनाउनुपर्छ । विशिष्टीकृत सेवा दिने सरकारी र निजी अस्पतालले सेवाको निश्चित प्रतिशत दुर्गम क्षेत्रका बासिन्दालाई केन्द्रित गरी घुम्ती सेवा दिनुपर्ने बाध्यकारी व्यवस्था गर्नुपर्छ । यसबाट अस्पताल जान नसक्ने गरिब तथा वृद्धहरूले उच्चतम लाभ लिन सक्नेछन् ।

**आधारभूत सेवा र विशेषज्ञ स्वास्थ्य छुट्ट्याउने**

हामी नेपालीमा सामान्य बिरामी पनि विशेषज्ञ चिकित्सककोमा गइहाल्ने अभ्यास छ । यसले बिरामीको खर्च बढी हुन्छ, विशेषज्ञ चिकित्सकको कामको बोझ पनि बढ्छ । बढी समय दिनुपर्ने बिरामीलाई चिकित्सकले समय दिन नसक्ने हुन्छ । बिरामी व्यक्तिले लामो समय कुर्नुपर्ने हुन्छ । पहिले नै रोग पहिचान भएर उपचार गराइरहेका बिरामीबाहेक अरूले विशिष्टीकृत सेवाका लागि जानुअघि आधारभूत सेवाका स्वास्थ्यकर्मीबाट जाँच गराउनु राम्रो हुन्छ । यस्तो जाँचबाट विशेषज्ञ चिकित्सककोमा जान आवश्यक हुँदा मात्र रिफर गर्ने अभ्यास गर्नु आवश्यक हुन्छ । स्वास्थ्य बीमा बोर्डले यस्तो अभ्यास व्यावहारिक बनाउने प्रयास गरेको छ तर यससम्बन्धी कानुनी व्यवस्था छैन । कानुनी व्यवस्था नहुँदासम्म आधारभूत र विशिष्टीकृत सेवा छुट्ट्याएर उपचार सहज बनाउन कठिन हुन्छ ।

**चिकित्सकको पढाइ खर्च निर्मम रूपमा घटाउने**

निजी अस्पताल तथा क्लिनिकमा चिकित्सकले बिरामी जाँचेको पाँच सयदेखि हजार रूपैयाँसम्म लिने गरेको पाइन्छ । लाखौं खर्च गरेर पढेको चिकित्सकले बिरामी जाँचमा त्यति शुल्क लिन पाउनु न्यायसंगत मान्न सकिएला तर दिनभर काम गरेर छाक टार्नुपर्ने व्यक्तिका परिवारलाई कदापि न्याय हुँदैन। यस्तो समस्या समाधानको पनि उपाय हुन सक्छ । चिकित्सक उत्पादन गर्ने कलेजहरूको वास्तविक आम्दानी र खर्च हिसाब गरेर हालको शुल्क कति घटाउन सकिन्छ भन्ने अध्ययन गर्नुपर्छ । यसरी केही मात्रामा घटाउन सकिने हुन सक्छ । सरकारले चिकित्सा शिक्षा पढ्ने सबै विद्यार्थीलाई निश्चित छात्रवृत्ति दिएर पढाइ खर्च घटाउनुपर्छ र अन्य प्राविधिक विषय पढ्दा लाग्ने खर्चको स्तरमा झार्नुपर्छ । प्रत्येक चिकित्सकले आफूले जाँच्ने बिरामीमध्ये निश्चित प्रतिशतलाई गरिब बिरामीलाई निःशुल्क जाँच्नुपर्ने कानुनी व्यवस्था गर्नुपर्छ । वास्तविक गरिब पहिचान गर्ने काम सजिलो छैन तर स्थानीय सरकार प्रत्येक परिवारको नजिकमा रहेकाले धेरै गाह्रो पनि छैन । स्वास्थ्य उपचारको खर्च नेपाल जस्ता कम विकसित देशहरूको तुलनामा उच्च आय भएका देशहरूमा निकै बढी छ । त्यहाँ बहुसंख्यक मानिसको आय जीवन निर्वाहका लागि चाहिने न्यूनतमभन्दा माथि हुन्छ । प्रत्येक नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गरिएको हुन्छ । स्वास्थ्य सेवाको गुणस्तरमा पनि सम्झौताको अवसर हुँदैन । स्वास्थ्य नै मानिसको सबभन्दा ठूलो सम्पत्ति मानिन्छ। मानवपुँजी राज्यको विकासको मूल आधार मानिन्छ । कुनै विभेद नगरी सबै नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा पाउने व्यवस्था मिलाउने जिम्मेवारी राज्यको हो । यसबाट देशमा मानवपुँजीको क्षमता अभिवृद्धि हुने आधार तयार हुन्छ । सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्ने गरी समग्र स्वास्थ्य सेवामा रूपान्तरणकारी सुधार गर्न अब ढिलो गर्नु हुँदैन । चल्तीको दैनिक कामबाट अलिक फरक ढंगले सोचेर सुधारको अभियान अघि बढाउन आवश्यक भएको छ । ***(डा. राजु लौडारीले अर्थशास्त्रमा विद्यावारिधि गरेका छन्।)*** ***-सेतोपाटी डटकम***

**महत्वपूर्ण टेलिफोन**

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

**दैनिक राशिफल**

| | |
|---|---|
| **मेष** : जिम्मेवारी वहन गर्ने समय आएको छ । परोपकारी कार्यमा संलग्न भइनेछ । | **तुला** : मित्रवर्गको सहयोगले कार्य सम्पन्न हुनेछ। शुभ कार्यमा सफलता पाउनुहुनेछ। |
| **वृष** : धार्मिक क्षेत्रमा भ्रमण हुनसक्छ । रोकिएका काम पुनः सुरु हुन सक्छ । | **वृश्चिक**: मन खिन्न हुने स्थिति आउनेछ। कार्यमा बाधा पनि आउनसक्छ । |
| **मिथुन** : भाग्यले साथ दिनेछ । खुसी हुने समाचार पाउनु हुनेछ । | **धनु** : दिन मनोरञ्जनपूर्ण रहनेछ । व्यवसायिक क्षेत्रबाट पनि लाभ हुनेछ । |
| **कर्कट** : यात्रा गर्दा ध्यान दिनुहोला । आफन्तको साथ र सहयोग पाइनेछ । | **मकर** : शुभकार्यमा संलग्न भइनेछ । प्राविधिक कार्यमा जुट्दा फाइदा हुनेछ । |
| **सिंह** : परिवारमा नयाँ सदस्य थपिन सक्छ। क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला। | **कुम्भ** : वाणीमा कुशलता आउने छ। यात्रा गर्ने अवसर पनि जुट्नेछ । |
| **कन्या** : उपलब्धि हासिल गर्न सकिनेछ। सजिलै अरूको मन जित्न सकिनेछ । | **मीन** : घरायसी कुरामा असामान्यता देखिन सक्छ। आम्दानीमा कमी आउनेछ। |




कथा — नारदप्रसाद थपलिया

# कारागारमा नयाँ बुद्धको जन्म

पौषको महिना थियो । जाडोले आफ्नो विकराल साम्राज्य फैलाइरहेको पनि । त्यसमाथि, काठमाडौंको चिसो पानी ! कारागारमा चुडामणि राजबन्दीको रूपमा थुनिएको केही दिन मात्र भएको थियो । उसका अन्य राजबन्दी साथीहरू भने घाम ताप्दै अनि पान खाँदै गफमा मस्त थिए । ऊ भने टाढाबाट उभिएर नियाल्दै थियो । कारागारको गेटमा प्रशस्त सेनाहरू थिए, मानौं ती सब देशका रक्षक नभई राजाका भरौटे रक्षक हुन् । ऊ कहिले ती सैनिकदेखि रिसाउँथ्यो भने कहिलेकाहीं उसलाई ती उपर दया पनि लाग्थ्यो । मान्छेका थरिथरिका चेतनाको स्तर देखेर ऊ चिन्तित पनि हुन्थ्यो ।

'राजा भगवान् हुन्, अनि जनता चाहिँ रैती मात्र !' - यही सुनेर ऊ दिक्क हुन्थ्यो । त्यही सोच्दै ऊ लाग्यो आफ्नो सुत्ने कोठातिर । आफ्नो एक राजबन्दी साथीको खाटको सिरानीमा श्रीमद्भागवतको किताब देखेर ऊ उत्सुक भएर पढ्न थाल्यो । ऊ त पढ्दा पढ्दै मग्न भएर हराउन पुग्यो पडाइसँगै । यस्तो देखिन्थ्यो ऊ पढक्कड हो ! केही बेरपछि उसका साथीहरू आए त्यहाँ हल्लाखल्ला गर्दै । उसको हातमा भएको भागवत गीताको पुस्तक देखेर उसको एक जना मिल्ने साथीले कटाक्ष गरिहाले, 'के हो चुडाजी, हातमा कमण्डलु लिएर कृष्णको नाममा हराउने बिचार छ क्या हो ! जय कृष्ण-जयराधे भन्दै ? हार खाइयो राजनीतिबाट, जेलको हावा खाएर ?' ऊ पनि के कम, मुस्कुराउँदै भन्न पुग्यो, 'भोगी बन्न नपाएपछि जोगी नबनेर भयो र मित्र ! म त हाम्रो यो राजनीतिको युद्धमा लड्नु अघि नै हारिसकें ।' सबै जना कुरा नबुझेरै गलल्ल हाँस्न पुगे । त्यसपछि चुरोट सल्काउँदै पिउन लागे, मानौं चुरोटको धुवाँ सँगै जेल बस्दाका आफ्ना सारा दुःख-दर्द फाल्न सकिन्छ । बस्, सबै रम्न पुगे, त्यही चुरोटको धुवाँ र थरिथरिका राजनीतिक गफहरूमा । आखिर चुरोट र राजनीति दुवै परे नशा जस्तै । त्यसरी सचेत राजबन्दीहरू समेत चुरोटको कुलतमा फस्दै थिए, क्यान्सरलाई खुलमखुला आमन्त्रण गर्दै । यस्तै हुन्छ सायद, राजबन्दीहरूको पारा कारागारमा ।

सक्रिय राजनीतिमा लागेदेखि चूडामणिले साहित्यिक पढाइ-लेखाइको कामबाट झन्डै विश्राम लिएको थियो । आफ्नो कलेज जीवनमा उसले धेरै साहित्यका पुस्तक पढेको थियो भने देखासिकीमा केही कथाहरू लेखेको पनि थियो । त्यसरी कथा लेख्दै गर्दा उसले कथाकारितामा प्रसिद्धि पनि कमाएको थियो । ऊ नेपाली भाषाको कथाकारितामा मनोविज्ञान तथा यौन मनोविज्ञान भित्र्याउने पहिलो कथाकार थियो । ऊ पढ्न र लेख्न सधैं अघि सर्थ्यो । बिना चिन्तन र साधनाको लेखाइलाई ऊ त्यति महत्त्व पनि दिन्थेन । उसको लागि नयाँ किताब पढ्नु, नयाँ साथी बनाउनु भन्दा ठूलो थियो । यस्तै थियो ऊ, चिन्तनशील अनि युनिक पाराको ! कारागार चुडामणिको लागि कारागार भएन, ऊ त्यसमा हराउन पनि चाहेन । ऊ वास्तवमा पिंजडाको सुगा भए पनि काल्पनिकतामा टाढा उडान गर्न पुग्थ्यो पुतलीहरूसँग पखेटा सापट मागेर । ऊ त कहिले महाभारतको युद्धस्थल पुग्थ्यो भने कहिले कोशीको किनारतिर । कहिले ऊ आफ्नो बाल्यकाल सम्झेर आह्लादित हुन्थ्यो भने कहिले ऊ आफ्नो जन्मस्थान बनारस सम्झेर गद्‌गद हुने गर्थ्यो । कहिले ऊ देशका दूरदराजका कृषक सम्झेर भावुक हुन्थ्यो । उसको आफ्नै दुनियाँ थियो, नितान्त बेग्लै । उसले आफूलाई कैदी मान्दै मानेन । त्यस्तै थियो ऊ, मनमौजी पाराको । ऊ त साहित्यमा आफूलाई अराजकतावादी मान्ने गर्थ्यो, त्यो पनि सगर्व ! दुनियाँ यौनका कुरा गर्न डराउँथे तर ऊ त्यही कुरा खुलेर भन्ने गर्थ्यो र लेख्ने गर्थ्यो । अरूहरू ढोंगी थिए, यौनमा रमेर भन्न र लेख्न डराउने तर ऊ यौनको कुरा निर्धक्क भन्ने गर्थ्यो, प्राकृतिक आवश्यकताको रूपमा ।

यौनको वास्तविकतालाई निर्धक्क स्वीकार्थ्यो, रम्थ्यो आफ्नै पारामा । यस्तै हुन्छन् सायद, आफैलाई विश्वास गर्ने साहित्य प्रेमीहरू ! वास्तवमा ऊ त्यस्तै पाराको थियो, आफैमा रम्ने अनि आफैलाई विश्वास गर्ने । आफ्नो जेल बसाइमा चुडामणिले आफ्नो विगत पनि नियाल्न कोशिश गऱ्यो । हो, उसले राणाकालको भयावह स्थितिमा समेत क्रान्ति गरेर क्रान्ति नायक बन्न सफल भएको थियो । विसं. २००७ को क्रान्तिको पुनर्मूल्यांकन गर्न पनि कोशिश गऱ्यो । आफूले राजामाथि गरेको अन्धविश्वास सम्झ्यो । आफू आफ्नो पार्टीको पहिलो पटक सभापति भएको कुरा सम्झ्यो । आफू आफ्नो देश नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री भएको सम्झ्यो । आफ्नो सम्मानमा पाएका तालीहरू सम्झ्यो । विपक्षीहरूले दिएका गालीहरू सम्झ्यो । ताली र गालीलाई सजिलै लिने आफ्नो बानी पनि सम्झ्यो । आफूले गरेको युवाप्रतिको विश्वास सम्झ्यो । देशका लागि आफूले गरेका केही राम्रा कामहरू सम्झ्यो । गरीब किसानको फोटो र वास्तविकता सम्झेर योजना बनाउन आफूले दिएका निर्देशनहरू सम्झ्यो । उसलाई आफू जेलमा बसे पनि एउटा गर्व छ, निरंकुश राजाको कानून माथिको खेलबाड र लहडी पाराले पीडित भए पनि । ऊ वास्तवमा जनताले चुनेको पहिलो नेता थियो, देश चलाउने अधिकार पाएको । तर अलिकति खेद छ, राजालाई सम्झाउन नसकेकोमा । किन सबैको प्यारो भएर सबैलाई लिएर एकसाथ ऊ अगि बढ्न सकेन ? यही कुरा भने उसको दिमागमा आउने गर्छ यदाकदा । त्यस बेलाको परिस्थिति बुझ्न नसकेकोमा भने ऊ अलिकति खिन्न पनि छ । यस्तै चिन्तनशील छ ऊ !

चुडामणिले त्यस रात गजबको सपना देख्यो हिटलरको बारेमा । हिटलर कहिले आफ्नो वास्तविक रूपमा देखिन्थ्यो भने कहिले श्रीपेचधारी राजाको रूपमा । जताततै भयावह युद्ध अनि मान्छेका क्रन्दन ! सपनाको स्थान भने काठमाडौंकै कुनै ठाउँ थियो । 'यो हुन सक्तैन भन्दै' ऊ ब्युँझियो । सपना सम्झेर एकदम खिन्न भयो । दिनभरी दिक्क मानिरह्यो, कतै यो नेपालमा हुनसक्ने भविष्यको आन्दोलनको संकेत हो कि भनेर । त्यही दिउँसो आफूलाई भेट्न आएका साथीलाई भनेर हिटलरको बारेमा लेखिएका किताबहरू मगायो । केही दिन तिनै किताबहरू अध्ययन गरेर नै बितायो ।

उसका लागि पुस्तक पढ्नु नशा जस्तै थियो । नयाँ पुस्तक नपाए ऊ पुरानो पुस्तक नै पढ्ने गर्थ्यो । अर्को पटक पढ्दा किताब अर्कै तरिकाले बुझ्ने गर्थ्यो । उसको पाराले उसका साथीहरू उसलाई 'किताबको किरो' उपमा दिने गर्थे । एकदिन त उसका एक मित्रले भनिहाले, 'चुडाजी ! राजालाई मैले पढ्न पाइन भनेर बिन्तीपत्र हालेर यता जेलमा आइयो कि क्या हो !' ऊ पनि के कम, भनिहाल्यो, 'सुन्दरीजलको यस्तो मनोरम एकान्त स्थानमा पढ्नुको अनि लेखाइमा बहनुको महत्त्व बुझ्न कोशिश गर्नोस् मित्र ! म त सारा जीवन यही ठाउँमा पढाइ-लेखाइको लागि बसूँ झैं लाग्छ ।' उसको कुराले सबै नै एकछिन हाँस्न पुगे । जेल बसाईंका सारा दुःख दर्द भुल्न लेख्ने र पढ्ने उसको पाराले भने सबै साथीहरूले उसलाई नमन गरे दिलदेखि । यस्तै थियो ऊ, अरूभन्दा विशेष अनि कारागारमा बस्दा पनि सिर्जनामा रम्न सक्ने प्रतिभाशाली ! केही समयपछिको सशस्त्र क्रान्ति असफल भएपछि भने ऊ आफ्नो कारागारको बसाईंमा राजनीतिबाट मनमनै हात उठाएर लाग्यो पढाइ-लेखाइको दुनियाँमा । राजनीतिमा शायद, ऊ समय अघि पो थियो कि ! बिस्तारै कारागार उसको लागि पीपलबोट साबित भयो पढाइलेखाइ रूपी ध्यानमा मग्न हुने स्थान ! ऊ चिन्तन पनि गर्दै गयो । साँच्चै उसले पैलाउँदै गयो, कारागारमा आफू हिंड्ने बाटो पनि । साहित्यको आख्यान विधामा दिलदेखि रम्दै गयो, अनि ऊ त्यसैमा हराउँदै गयो । भित्रको प्रतिभा बिस्तारै जुर्मुराउँदै गयो । काल्पनिक दुनियाँमा रमाउँदै पनि गयो, किनकि ऊ आफूलाई कारागारको चार किल्लामा थुन्न चाहँदैनथ्यो । एउटा मनमौजी मान्छेलाई कसले पो थुन्न सक्थ्यो र ! उसका अघि हाम्रा धर्म शास्त्रका श्रीकृष्णको अघि कारागारका बन्धन एक एक गरेर खुलेझैं भयो । उन्मुक्त भएर दुनियाँ विचरण गर्न लाग्यो । उसका लागि भूगोलका सिमानाहरू मेटिन पुगे । ऊ त धर्तीको एक मानव मात्र भयो । यस्तो काल्पनिकतामा रम्ने मान्छेलाई कसैले अघि बढ्न कसरी रोक्न सक्छ र ! चाहे त्यो कारागार नै किन नहोस् । हो, ऊ त्यस्तै खास कैदी थियो त्यो पनि राजाको निजीबन्दी अर्थात् राजबन्दी ! चुडामणिले कारागारबाटै इन्द्रमायाका जिन्दगीका घुम्तीहरू चियाउन पुग्यो । उसले त्यहींबाट नरेन्द्र, गौरी र मुनरियाको जीवन गाथा नियाल्यो । सुम्निमा, सोमदत्त र पुलोमालाई महसुस गऱ्यो । उसले श्वेतभैरवी, मोदिआइन अनि राइटर बाजेलाई आत्मसात् गर्नपुग्यो ।

अझ उसले त्यहींबाट हिटलर-यहुदी-भागवत गीता अनि दोस्रो महायुद्धको समन्वयको महागाथा रच्न पुग्यो ।उसले आफूमा विश्वबान्धवत्वको भाव भित्र्याउन सफल भयो । मान्छेका मनोभावना अनि यौन भावना उजागर गर्न उसले कोशिश गऱ्यो । अरूको पछि लागेन, ऊ त आफै आफ्नो गोरेटो खन्दै अगि बढ्यो ।

उसको लेखाइबाट बन्दुके राजा टाउकोमा हात लाउन पुगे भने राजाका आसेपासे भएका साहित्यिक पुरस्कार दाताहरू जिल्ल परे, उसको प्रतिभाले हायलकायल भएर । ऊ त सबै पुरस्कार भन्दा धेरै माथि थियो । हो, ऊ त्यस्तै स्वाभिमानी थियो सगर्व आफूलाई नै विश्वास गर्ने । त्यसरी बिस्तारै राजबन्दी चुडामणि कारागारको आठ बर्से बसाईंमा बुद्धमा रूपान्तरित भयो, नेपाली साहित्यको आख्यान क्षेत्रमा । हो, वास्तवमा कारागारमा अर्को बुद्धको जन्म भयो - नेपाली साहित्यको आख्यान विधाको नयाँ बुद्ध !

*-साहित्यपोष्ट डटकम*

निबन्ध — प्रदीप सापकोटा

# जागिरे जीवनको व्यथा



यसो माथितिर फर्केर हेर्छु आकाश सफेद छ । वादलको कुनै टुक्रा पनि देखिन्न । तर मेरो मनको मझेरीमा भने कालो बादल पोखिएको छ । खोइ किन हो ! मन मन नै त हो हजुर । मैले मेरो मनलाई मनाउन सकिन । शान्तिपूर्वक बाँच्ने मनको उत्कष्ठ इच्छामाथि जब्बरे विवशताका सांलाहरूले प्रभुत्व जमाएपछि मेरो इच्छा कहाँ पुग्थ्यो र ! सम्झन्छु जागिरे जीवन । आवश्यकता पूरा गर्ने जिम्मेवारीको घट्टले मज्जैले थिच्छ नि म निम्छरो सानो दर्जाको कर्मचारीलाई । बाध्यताले गर्दा परिवारका सबैको आवश्यकता र चाहानाको उपेक्षा गर्नै पर्छ । कहिले रिसाउँछु, झर्किन्छु र फन्किन्छु पनि । कहिले आफ्नो लाचारीपनलाई सबै सामु प्रष्ट्याउने यत्न गर्छु ।

तर। उनीहरू मेरो कुरामा बनावटीपन हो भन्ने ठान्दछन् । नाटकीय मान्दछन् मेरो कुरा र पत्याउँदैनन् । मन सुक्सुकाउँछ । दिमागमा आठ रेक्टर स्केलको भूँइचालो जान्छ । आफ्नो मनको भावनालाई बुझिदिएनन परिवारले । मलाई सहानुभूतिपूर्ण सद्भाव राखिदिने र सकारात्मक रूपमा बुझिदिने प्रयास गरिदिएनन् उनीहरूले । हो न हो बैंकमा वा अन्य कुनै वित्तिय संस्थामा टन्न पैसा थुपारेर उनीहरूको आवश्यकताको तगारो बाउ हुँ म यस्तै सोच्छन् मेरा नानीबाबुहरू । अन्यत्र कतै केटी राखेको होला उसकै लागि कमाइको ठूलो अंश खर्चिन्छ होला मेरो बुढाले ! मेरी बुढीले यस्तै सोचि होला । बा आमालाई बुढेसकाल लागेको छ । तीर्थव्रत गर्ने रहर । छोराले हिजो हामीले गरेको दुःखलाई बुझिदिए हुन्थ्यो भन्ने उहाँहरूको रहर । कहिलेकाँही यस्तै कुरामा कचकच पर्छ । खाजा खाँदा अरुको कहिल्यै तिर्दैन विल यो कन्जुस ! मित्र मण्डलीको दोषारोपण छ । आफन्तहरूको छुट्टै आरोप छ नि कहिल्यै घरमा निम्तो गर्दैन बाबै । उफ् कसलाई कसरी सम्झाउँ ? म मेरो समस्यासँग परिचित छु । अरुलाई मेरो समस्याको बारेमा सुइँकोसम्म भए पो ! सम्झन्छु कहिलेकाँही र यी कुराहरूले मनै उद्वेलित हुन्छ । कहिलेकाँही सपनामा पनि झस्किन्छु । बेचैनीले मुटुको चाल यति बढ्छ कि मापन गर्न सकिन्न । पीडाले धेरै पटक रन्थनिएको छु म । धेरै पीडाले थिच्दाको दुखाइ शब्दमा ब्यक्त गर्न कठीन हुँदो रहेछ । जब मन दुख्छ नि म सुटुक्क घरबाट वाहिरिन्छु । करिव तीन सय मीटर दुरीमा रहको माइल्दाईको हरियो पर्दाभित्र दायाँ बायाँ छेलिएर पसिदिन्छु सुटुक्क । सबैभन्दा कुनाको एउटा थोत्रो कुर्सी, जुन मेरो जिन्दगीसँग बिम्बित लाग्छ मलाई त्यहिं बसिदिन्छु टुसुक्क । यसो तुलना गर्छु म बसेको कुर्सी र मेरो जिन्दगी ठ्याम्मै मेल खान्छ बाबै ! दाँज्न प्रयासरत छु म । कतै सनमाइका उप्किएको छ । कतै ठोकिएका किलाहरूले ठाउँ छोडेका छन् । खुइलिएको छ रंगविहीन भएर कुर्सी । अभाव र पीडाको दब्दबा खप्न नसकेको मेरो जिन्दगी त्यस्तै छ । कतै के नमिलेको, कतै के नपुगेको । साँच्चै जीवनको लय मिलाउन सकिरहेको छैन् म । त्यसैले यस्ता कुराले कहिलेकाँही शीतांग बनाउँछ मलाई । होटलवाल्नी माइली मादक मुस्कान छर्दै एक स्टिल गिलासभरीको लोकल अर्डरविना नै थपक्क मेरा अगाडि राखिदिन्छिन् । उनी अभ्यस्त छिन् म के पिउँछु भनेर । त्यसैले अर्डरको जरुरी ठान्दिनन् । खरानी कट्कटिएको एस्ट्रे र एउटा चुरोट साथमा राखिदिन्छिन् । म अगाडि डोरीमा बन्धकी बनेर झुण्डिएको छ लाइटर । लाइटर तानेर चुरोट सल्काउँछु म । लामो चुरोटको सर्कोसँगै ओठमा गिलास पुऱ्याउँछु र घरमा परेको तनाव मज्जाले लामो सर्को तानेर धुँवासँगै उडाउँछु । कल्पिन्छु आकाश यो धुँवा झैं मेरा अभाव र पीडाहरू उडाउन पाए ! आहा ! जिन्दगी कति रमाइलो हुन्थ्यो होला । यतिबेला सुखको कल्पनाको उडान भरेँ । टेबुलको गिलास उठाएँ र मुख बिगार्दै पिउन थालें । मोरो रक्सी नमिठो हुँदा नि पिउँछ मान्छे । साला यसैगरी सबै दुःख र अभावहरू पिएर सकाउँन पाए ! पिउँदै गएँ, गिलास रित्याउँदै गएँ । फेरि उही मादक मुस्कानका साथ माइलीले थपिदिइन् । रक्सीको नशा चढ्दै गयो । लाग्यो मेरा सब पीर सकिए । मन प्रसन्न भयो । मेरो विश्वासको वृत्तले त्यही भन्यो । रक्सी मेरो रगतका कणकणमा मिसिँदै गयो । मन पनि प्रसन्नताको गहिराइमा गहिरिँदै गयो । मनले एकतर्फी घोषणा गऱ्यो समस्या रित्तिए भनेर । अब लाग्यो मलाई सुखले निम्तो दिनेछ । उसले भन्यो, 'प्रदीप अब तेरा समस्या रित्तिए । तेरा दुर्दिन सकिए । तेरा एकांगीपनबाट तँ मुक्त भइस ।' म मुसुक्क मुस्कुराँए आफैँसँग । लाग्यो जिन्दगी नयाँ मोडमा आएर खडा भएको छ । मन प्रशन्न भो । म पूरै मुडमा थिएँ । दुःख सकिएर सुखको अनुभूति गर्दै थिँए म । लाग्यो बास्तविक साथी त यी चुरोट र रक्सी पो रहेछन् । यिनीहरू भगवान भएर आए मेरो जिन्दगीमा । बिल तिर्ने पैसा थिएन । जाबो जागिरेसँग कहाँ होस् त सधैं । यताउती हेरैं । खुसुक्क बोलाएँ माइल्दाइलाई र बहीखातामा बिल चढाउन लगाएँ । दुःखपीडा हराएको मान्छे भएर हलुँगो मन तर रक्सीको मातले लड्‌खडाएको शरीर हल्लाउँदै बेफिक्रिसँग निस्किएँ ।

भयानक सन्नाटायुक्त कालो रात । गाउँ न हो छिट्टै सुत्ने चलन । घरतिर आफ्ना पाइला अघि बढाएँ । लड्‌खडाएका छन् पाइला मेरा तर पनि म अघिपछि भन्दा अलिक सम्हालिएको छु । लाग्छ मन आज चङ्गा झैं हलुँगो भएको छ । केही कदम अगाडी बढेको के थिए खाल्डो रैछ पत्तै भएन । परि हालेँ खाल्डोको पासोमा । बल्ल बल्ल सम्हालिएर उठेँ । यसो माथितिर हेरैं चन्द्रमाले चिहाइरहेको रहेछ । लाज लाग्यो । शीरनत गरैं चन्द्रमा सामु । आकाशको चेपवाट मेरो सबै चालढाल निहालिरहेको चन्द्रमासँग समेत लजाउनुपर्ने बबुरो म । अगाडि बढेँ बिस्तारै । घरको आँगनमा पुग्दा सबैतिर चकमन्न थियो । नहोस् पनि किन रात छिप्पिदो छ । धर्मपत्नीलाई मेरो दैनिकी थाहा भएरै होला ढोकामा आग्लो हालेको हुन्नथ्यो । आफूलाई सम्हाल्ने प्रयास गर्दै म जुत्तालाई खोल्छु र सुटुक्क लिस्नो चढेरमाथि गएर सुत्छु । यस्तै हो प्रायः । जागिर भनेको वास्तवमै अचम्मकै छ नेपालमा । झनै तल्लो दर्जाको मान्छेलाई त झन सजिलो कसरी होस् । न हिउँदको ठिहीले चिस्याउँन सक्छ न गर्मी यामको तातोले पोल्न नै । यस्तै छ जागिरे जीवन । सबै सम्म, सधैँ उस्तै । धक फुकाएर हिँड्न सक्दिन आर्थिक अभावले थिच्छ सधैं । भ्रष्टाचार गर्न मन लाग्दैन । त्यसको गन्धले पनि मलाई ढलाउँछ । गाह्रो छ हजुर धेरै नै । जीजिविसा पालेर त्यसकै गोरेटोमा हिँडेको सपना देख्न समेत छुट छैन् म जस्तो तल्लो दर्जाको जागिरेलाई । सोच्छु मेरो जस्तै जिन्दगीको विदीर्ण चित्र भएकाहरू कति होलान् । संख्या एकिन गर्न नसके पनि असंख्य अभाव र गरिबीको पीडाका दैनिकी भोग्न बाध्य आम भुइँमान्छे सम्झेर जागिरे भएकोमा आत्मसन्तुष्टिको सास फेर्ने कोसिस पनि गर्छु र लाग्छु अड्‌डातिर । यता गऱ्यो, उता गऱ्यो । टुसुक्क बस्न पनि पाइन्न बाबै । निर्देशक कडा छन् अफिसका । साना कर्मचारीलाई जस दिँदैनन् । टिप्पणी उठाएर लग्यो । शब्द शब्दमा खेल्ने, केरमेट गर्ने र पुनः लेखेर ल्या भन्ने उनको बानीसँग म परिचित छु । हैरानै गर्छन् भन्या । जागिरे जीवन उतिसाह्रो सपाट छैन् । कोही उनका भिजिटर आए भने चाहिँ अलिक सजिलो हुन्छ मलाई । घन्टौं कोठा थुनेर गोप्य वार्तामा ब्यस्त हुन्छन् चिया कफीबाहेक केही गर्नु पर्दैन त्यतिबेला । तर, के जान्नु मैले के कुरा गर्छन् त्यहाँ । पौरख गर्नुपर्छ स्कुल पढ्दा गुरुले सुझाउँथे मलाई । म राम्रै पढ्थेँ । सरकारी सिन्दुर लाउने मनको उत्कठ चाह उतिवेला मेरो । खरदारमा नाम दोस्रो पटकको प्रयासमा निकालेँ तर आर्थिक अवस्था दिनानुदिन खस्कँदो । सँगैका मिल्ने दौतरीहरू बिजनेस म्यान बनेर राजधानी वरिपरि घर ठडाइसके । म भने उही बाको सम्पत्तिमा बसिरहेको छु । जोड्ने भन्दा नि ऋणको भारले पुर्ख्यौली सम्पत्ति बेच्ने परिस्थितिमा पुगिसकेको छु । जीवनका लाउँ खाउँ वसन्त सकिइसके । पचास कटेर एकाउन्नलाई टेक्ने मेसोमा छ उमेर । गर्न सकेको केही होइन । आँखाले खोज्छ परिवारलाई सुखी राख्न सकियोस्, मनले भन्छ अभावबाट त्राण मिलोस् । यथार्थता फरक छ हजुर दुःखको कुहिरो पन्छाउँने मेरो अथक प्रयास सदैव असफल रफयो । दुःखलाई सुम्सुम्याएर बस्नुभन्दा अरू केही उपाय रहेन । अभावका बादलहरू फाट्दै फाटेनन् जिन्दगीबाट । धन्न उही घर पायक छ जागिर नत्र त कोठामा खुम्चिएर अझै थप खर्चको चाङ लाग्थ्यो । आमनेपालीभन्दा फरक छैन जागिरे मेरो जीवन । छोराछोरीका आवश्यकताका मागपत्रहरू लामा लामा हुन्छन् । अर्धाङ्‌गिनीका रहरहरू बग्रेल्ती थाती छन् । बाआमाको सामान्य अपेक्षासमेत पूरा गर्न सकिरहेको छैन । आकस्मिक रूपमा आइपर्ने समस्याहरू जेतनतेन टाल्दै गरेको छ मेरो नोकरीको सियो । लगाम लागेको छ विवशताको मज्जैले । दुःखमा मन दुःखाउनेहरू धेरै भेटिन्छन् । दुःखमा मल्हमपट्टी लाउने को हुन्छ र ! दैनिकी उस्तै थकाइ लागोस्, जरो आओस् के मतलब ! जागिरे म अड्‌डामा घिच्चिनै पऱ्यो । एउटा सानो भूगोलमा अलिकति मात्रै स्वतन्त्रता बोकेर बाँचेको छु म । घर, अड्‌डा, माल्दाइको हरियो पर्दा यही हो मेरो साँघुरो घेराभित्रको सानो भूगोल । अभावको दुर्घटना बोकेको मन लिएर आशावादिताको सपना देख्ने यत्न गर्दै बाँच्न कम्तिको मुस्किल रैनछ हजुर यो तल्लो दर्जाको जागिरेलाई ! न उडेर पर जानसक्छु चरी झैं । न छोडेर जानसक्छु पथिक झैं यो सानो मेरो भूगोल । जति हुन्छ चुपचाप यथावत दैनिकी व्यहोर्नु मेरो बाध्यता । प्याजपत्र जस्तो जति खोल्यो उति देखिन्छन् समस्याका चाङ भो अब खोल्दिन म ।

*-हिमालय टाइम्स डटकम*

# तानसेन नगरपालिकाले दियो कृषकलाई कृषि सामग्री



**पाल्पा,** साउन ९/जिल्लाको तानसेन नगरपालिकाले नगरभित्रका कृषकहरुलाई कृषि सामग्री दिएको छ । ५० प्रतिशत अनुदानमा नगरपालिकाले कृषकलाई हाते ट्याक्टर,मौरी घार र डिजिटल तराजु दिएको हो ।

पालिकाले एक औपचारिक कार्यक्रमका बिच कृषकलाई सामग्री वितरण गरेको छ । ४७ जना कृषकलाई हाते ट्याक्टर,४ सय ८५ जनालाई मौरी घार र मौरीजन्य सामग्री तथा ५८ जनालाई डिजिटल तराजु प्रदान गरिएको कृषि शाखाका प्रमुख सरोज तिमिल्सिनाले बताए । उनीहरुलाई नगर सरकारका प्रमुख सन्तोषलाल श्रेष्ठ, उप प्रमुख प्रतिक्षा सिंजाली,प्रमुख प्रशासकिय अधिकृत हरिराम नागिलाले संयुक्त रूपमा सामग्री हस्तान्तरण गरेका थिए । वडा कार्यालयबाट सिफारिस भएर आएका कृषकहरूलाई सामग्री दिइएको थियो । सामग्री हस्तान्तरण गर्दै नगर प्रमुख श्रेष्ठले परम्परागत कृषि प्रणालीलाई यान्त्रिकरण र व्यवसायीकरण गर्न अनुदानमा सामग्री दिइएको बताए । उनले नगरवासीलाई कृषिमा आत्मनिर्भर बनाउने गरी नगर सरकारले योजना ल्याएकाले सबैलाई व्यवसायिक रुपमा लाग्न आग्रह गरे । नगर प्रमुख श्रेष्ठले भने 'परम्परागत खेती प्राणालीलाई आधुनिक बनाई कृषकलाई व्यवसायिक बनाउनु हाम्रो योजना हो ।'

नगरपालिकाले आगामी बर्ष थप बजेटसहित कृषि र पशुपालनलाई अगाडि बढाउने समेत उनले बताए । यो बर्ष सबै कृषकहरूलाई समेट्न नसके पनि आगामी बर्षका बजेटहरूमा थप छुटेका कृषकहरूलाई समेट्ने नगर प्रमुख श्रेष्ठले उल्लेख गरे ।

नगर सरकारले नगर भित्रका मौरी पालन सम्भावना हुने क्षेत्रलाई मौरी पालन पकेट क्षेत्रको रूपमा विकास गर्न खोजेको पनि उनले बताए । सोही अनुरूप नगर सरकारले यो करिब ४ सय ८५ जना कृषकहरूलाई मौरी घार र मौरीजन्य सामाग्री प्रदान गरिएको श्रेष्ठको भनाई छ ।


## दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग सर्छन् । त्यसैले:

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं,
- पानी उमालेर मात्र पिऔं,
- उमाल्न सम्भव नभएमा शुद्धिकरण गरेर मात्र पिऔं,
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं,

नेपाल सरकार

विज्ञापन बोर्ड



मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


खेलकुद समाचार

## ओलम्पिकमा नेपालको झण्डा




**काठमाडौं,** साउन ९/फ्रान्सको पेरिसमा हुने ३३औं गृष्मकालीन ओलम्पिक प्रतियोगिताको मार्चपासमा नेपालको झन्डा टेबल टेनिसका खेलाडी स्यान्टु श्रेष्ठ र जुडो खेलकी मनिता श्रेष्ठ प्रधानले संयुक्त रूपमा बोक्ने भएका छन् । पर्सि साउन ११ देखि २७ गतेसम्म हुने प्रतियोगिताको उद्घाटनमा स्यान्टु र मनिताले नेपालको झन्डा बोक्ने नेपाल ओलम्पिक कमिटीले जनाएको छ ।

स्यान्टु क्षेत्रीय तथा मनिता महादेशीय छनोटबाट ओलम्पिकमा सहभागी हुन लागेका हुन् । पेरिस ओलम्पिकमा नेपालबाट सात खेलाडीको सहभागिता छ । जसमा स्यान्टु र मनितासहित ब्याडमिन्टनका प्रिन्स दाहाल, सुटिङकी सुस्मिता नेपाल, पौडीका एलेक्जेन्डर शाह र डुवाना लामा तथा एथलेटिक्सकी सन्तोषी श्रेष्ठ रहेका छन् । सन्तोषीबाहेक अरू खेलाडी र प्रशिक्षक पेरिस पुगिसकेका छन् । सुटिङमा प्रदीप खाती, टेबल टेनिसमा राजेन्द्र कपाली, जुडोमा देवु थापा, एथलेटिक्समा कान्तिकुमारी महतो यादव र पौडीमा नयना शाक्यले प्रशिक्षकको भूमिका निर्वाह गर्नेछन् । ब्याडमिन्टनका प्रिन्स भने प्रशिक्षकविना खेल्नुपर्ने भएको छ । एथलेटिक्सतर्फ म्याराथनको प्रतिस्पर्धा अन्तिम दिन हुने भएकाले त्यसमा सहभागी हुने खेलाडी सन्तोषी आउँदो साउन १५ गते पेरिस प्रस्थान गर्ने तय भएको छ ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## नेप्से परिसूचक घट्यो



**पाल्पा,** साउन ९/यो सता लगातार उकालो लागेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक बुधबार भने घटेको छ । नेप्से उच्च अंकले घटेको हो ।

नेप्से परिसूचक २७ दशमलव ३२ अंकले घटेर दुई हजार पाँच सय ३६ दशमलव ११ को विन्दुमा कायम भएको हो । सो समयमा तीन सय ११ कम्पनीको चार करोड सात लाख ४७ हजार दुई सय २६ कित्ता शेयर एक लाख ८८ हजार आठ सय ६५ पटक खरिदबिक्री हुँदा रु १६ अर्ब २० करोड ८५ लाख ७७ हजार तीन सय १४ बराबरको कारोबार भएको छ ।

बुधबारको कारोबारमा वित्त समूह एक दशमलव १६ र होटल तथा पर्यटन समूह शून्य दशमलव १३ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै व्यापार समूहको उपसूचक तीन दशमलव ०९ प्रतिशतले घटेको छ । बैंकिङ एक दशमलव २१, विकास बैंक शून्य दशमलव ५६, जलविद्युत् एक दशमलव ५७, लगानी शून्य दशमलव ८३, जीवन बीमा शून्य दशमलव ३१, उत्पादन तथा प्रशोधन एक दशमलव २४ र लघुवित्त एक दशमलव २४ प्रतिशतले घटेको छ । त्यस्तै, म्युचुअल फन्ड शून्य दशमलव ७६, निर्जीवन बीमा शून्य दशमलव १४ र अन्य समूह एक दशमलव ९० प्रतिशतले घटेको छ । बोटलर्स नेपाल (तराई) लिमिटेड र एसियन हाईड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने चिर्खुवा हाईड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ७९ प्रतिशतले घटेको छ ।


## भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

CTEVT बाट स्वीकृति प्राप्त यस पाल्पा टेक्निकल इन्स्टिच्यूट तानसेन, पाल्पामा शैक्षिक वर्ष २०८१/०८२ को लागि ३ वर्षे डिप्लोमा कार्यक्रम/प्रमाण पत्र तह **सामान्य चिकित्सा** (H.A.), **मेडिकल ल्याव्रोटोरी टेक्नोलोजि** (CMLT) र फिजियोथेरापी विषयमा भर्ना खुलेको जानकारी गराउँदै उक्त विषय अध्ययन गर्न ईच्छुक SLC वा SEE मा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २.० जि.पि.ए. अथवा सो सरह वा परिषद्‌बाट सम्बन्धित प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको विद्यार्थीहरुले भर्नाको लागि समयमै सम्पर्क गर्न जानकारी गराईन्छ ।

**आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**

क) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को दुई प्रति रंगीन फोटो ।

ख) एस.एल.सी.वा प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा) वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको प्रतिलिपी ।

ग) नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।

घ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी ।

- **आवेदन फर्म ईन्स्टीच्युटबाट वितरण भैरहेको छ ।**
- **फर्म बुझाउने अन्तिम मिति-२०८१ श्रावण १३ गते आइतबार (कार्यालय समय भित्र)**
- **प्रवेश परीक्षा -२०८१ श्रावण १९ गते शनिबार बिहान ८ बजे**

**सम्पर्क**

**पाल्पा टेक्निकल ईन्स्टिच्युट**

**मेहलधारा -२, तानसेन पाल्पा (पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र नजिकै (आफ्नै भवनमा)**

फोन नं. ०७५-५२०७१४/५२०३८२/५२०३१६/५९०००६

मोबाईल नम्बर ९८५७०६०३४६, ९८४७०२९८१६, ९८४७०६८०५२



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई